जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ अंक:- ६२ २०८२ साल असोज १२ आइतवार (September 28, 2025) पृष्ठ संख्या:- ४ मुल्य रु : ५।-

## दलित समुदायका कृष्ण दमाई समावेशी शिक्षा सहजकर्ता नियुक्त



बिगूल समाचार
१२ असोज २०८२

डडेल्धुरा । संस्कृत विषयमा स्नातकोत्तर अध्ययन पूरा गरेका बैतडीका कृष्ण दमाईले धनगढी उपमहानगरपालिकामा समावेशी शिक्षा सहजकर्ताको जिम्मेवारी पाउनुभएको छ । उहाँलाई नगर पालिकाले शिक्षा, युवा तथा खेलकुद महाशाखा अन्तर्गत छैटौं तहको पदमा नियुक्ति गरेको हो ।

शिवनाथ गाउँपालिका-५, बकुन्नामा जन्मिएका कृष्ण दमाई समाजका पर म्परागत सोच र विभेदबीच संघर्ष गर्दै संस्कृत साहित्यमा २०७८ सालमा आचार्य उपाधि हासिल गर्न दाङसम्म पुगेका थिए। अध्ययनपछि बेरोजगार अवस्थामा रहनु भएका उहाँ विभिन्न धार्मिक अनुष्ठानमा प्रवचन गर्दै निजी विद्यालयमा अध्यापन गरेर परिवारको गुजारा चलाउँदै आउनुभएको थियो । नगरप्रमुख गोपी हमालले उहाँको आर्थिक अवस्था कमजोर भएकाले नगरपालिकाले रोजगारीको अवसर दिने घोषणा गर्नुभएको थियो। सोही आधारमा हाल उहाँलाई 'टिकाराम पार्की छात्रवृत्ति' र 'जुठे दमाई छात्रवृत्ति कार्यक्रम' सञ्चालनका लागि सहजकर्ताको जिम्मेवारी दिइएको हो ।

दमाई समुदायबाट संस्कृत पढ्नु नहुने भन्ने धारणा रहे पनि त्यसलाई चुनौती दिंदै उच्च शिक्षा हासिल गरेको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "संस्कृत पढ्दा अनेकौं कठिनाइ सहनुपर्‍यो अब जिम्मेवारी पाएको छु इमान्दारीपूर्वक काम गर्छु ।"

सानैमा आमाबुबा गुमाउनु परेका कारण आर्थिक कठिनाइ झेल्दै आएको उहाँले भविष्यमा संस्कृत भाषामा कर्मकाण्ड र ज्योतिष विद्यामा थप अध्ययन गर्ने इच्छा व्यक्त गर्नुभएको छ ।

## सुदूरपश्चिममा रेबिज सङ्क्रमण बढ्यो, १७० मध्ये १३६ नमूना पोजेटिभ

बिगूल समाचार
१२ असोज २०८२

सुदूरपश्चिम प्रदेशमा रेबिजको सङ्क्रमण तीव्र रुपमा बढिरहेको देखिएको छ । पशुपन्छी रोग अन्वेषण प्रयोगशालाका वरिष्ठ पशु चिकित्सक नरेशप्रसाद जोशीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा परीक्षण गरिएका १७० नमूनामध्ये १३६ मा रेबिज पुष्टि भएको छ ।

सबैभन्दा बढी सङ्क्रमण कैलालीमा पाइएको छ, जहाँ सङ्कलन गरिएका ९८ नमूनामध्ये ७८ पोजेटिभ देखिएका छन् । कञ्चनपुरमा ५३ मध्ये ४३, अछाममा ७ मध्ये ५, डोटीमा ८ मध्ये ६ र बझाङमा ३ पोजेटिभ नतिजा आएको छ ।

वरिष्ठ चिकित्सक जोशीका अनुसार, रेबिज फैलनमा मुख्य भूमिका कुकुरको देखिएको छ । परीक्षण गरिएका ८७ कुकुरका नमूनामध्ये ७२ पोजेटिभ भेटिएका छन् । त्यसैगरी, भैंसीका ३२ मध्ये २२, गाईगोरुका २६ मध्ये २३, बाखाका ११ मध्ये ८, बङ्गुर का ७ मध्ये ५, घोडाका २ मध्ये दुवै र खरायोको एउटा नमूनामा पनि सङ्क्रमण पुष्टि भएको छ ।

प्रयोगशालाले आव २०७६/७७ देखि रेबिज रोग अन्वेषण तथा सर्भिलेन्स सुरु गरेको हो । सुरुवाती वर्षमा दुई नमूनामात्र पोजेटिभ पाइएकामा २०७९/८० मा ३९, २०८०/८१ मा १५७ र चालु वर्ष १३६ पोजेटिभ भेटिनु रोग बढ्दो क्रमको प्रमाण हो ।

"रेबिज पशुबाट मानिसमा सर्ने रोगका रूपमा रहेको छ," चिकित्सक जोशीले भन्नुभयो, "जङ्गली जनावर स्याल, ब्वाँसो, फ्याउरो आदिबाट घरपालुवा कुकुरमा र त्यसमार्फत मानिस र अन्य जनावरमा फैलिन्छ ।"

विश्व स्वास्थ्य सङ्गठनका अनुसार, प्रत्येक वर्ष विश्वभर करिब ५९ हजार मानिसको मृत्यु रेबिजका कारण हुन्छ, जसमा ९५ प्रतिशत मृत्यु अफ्रिकी र एसियाली मुलुकमा हुने गरेका छन् । नेपालमा मात्र हरेक वर्ष एक लाखभन्दा बढी मानिसलाई जनावरले टोकेको तथ्याङ्क छ भने १५ देखि ३६ जनाको मृत्यु हुने गरेको छ । अध्ययनअनुसार नेपालमा हाल करिब २९ लाख कुकुर रहेका छन् ।

"रेबिजको लक्षण देखिएपछि उपचार सम्भव छैन, मृत्यु निश्चित हुन्छ, त्यसैले रोकथाममै जोड दिनुपर्छ," जोशीले चेतावनी दिनुभयो । उनका अनुसार सङ्क्रमित जनावरले टोकेपछि तत्काल साबुनपानीले घाउ सफा गरी चाँडै 'एन्टी रेबिज भ्याक्सिन' लगाउनुपर्छ । उहाँका अनुसार रेबिज लागेपछि पानी पिउन गाह्रो हुने वा डर लाग्ने, स्मरणशक्ति हराउने, ज्वरो आउनेलगायत लक्षण देखिन्छ । शरीरमा प्रवेश गरेको भाइरसको मात्राअनुसार लक्षण छिटो वा ढिलो देखिन सक्छ ।

"विकसित केही मुलुकमा रेबिज नियन्त्रण भइसकेको छ, केहीमा उन्मुख अवस्थामा छ, तर नेपालमा अझै पनि यो ठूलो चुनौती हो," उहाँले बताउनुभयो । उहाँका अनुसार सामुदायिक कुकुरलाई नियमित खोप लगाउन सके नेपालमा पनि रेबिज नियन्त्रण सम्भव छ ।

विश्व रेबिज दिवस २०२५ का अवसरमा धनगढीस्थित पशुपन्छी रोग अन्वेषण प्रयोगशालाले सामुदायिक कुकुरलाई रेबिजविरुद्धको खोप लगाउने अभियान सञ्चालन गरेको छ ।

## सुदूरपश्चिममा दश लाखभन्दा कम बजेटको आयोजना कार्यान्वयन नहुने

बिगूल समाचार
१२ असोज २०८२

खर्चमा कडाइ गर्न सुदूरपश्चिम प्रदेश सरकारले महत्वपूर्ण निर्णयहरू सार्वजनिक गरेको छ ।

मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको मन्त्रीपरिषद् बैठकले बजेटमा आर्थिक अनुशासन कायम गर्न र प्राथमिकताविहीन खर्च कटौती गर्नका लागि विभिन्न उपायहरूको घोषणा गरेको हो ।

बैठकले दश लाख रुपियाँभन्दा कम विनियोजन भएका आयोजनाहरू कार्यान्वयन नगर्ने निर्णय गरेको छ । यसबाहेक, प्रदेश सरकार मातहतका निकायहरूले उपभोक्ता समितिमार्फत सञ्चालन हुने कुनै पनि आयोजना कार्यान्वयन नगर्ने नीति लिएको छ । यस्तै, एउटै क्रियाकलाप नम्बरमा परेका दुई वा दुईभन्दा बढी आयोजना खानेपानी तथा सिँचाइ बाहेक, कार्यान्वयनमा नलिने निर्णय पनि मन्त्री परिषदले गरेको छ ।

खर्च कटौतीलाई थप प्रभावकारी बनाउने उद्देश्यले छपाइ तथा प्रकाशनतर्फ ७० र बैठक भत्ता, भ्रमण भत्ता, अनुगमन तथा मुल्याङ्कन, तालिम, गोष्ठी, सेमिनार आदिमा ५० प्रतिशत कटौती गर्ने निर्णय पनि बैठकले गरेको छ ।

त्यसैगरी, अनुभव आदान-प्रदान, अन्तरप्रदेश भ्रमण, दिवस तथा उत्सव मनाउनेजस्ता कार्यक्रम नयाँ आर्थिक वर्षमा कार्यान्वयन नहुने निर्णय पनि बैठकले गरेको छ ।

यी निर्णयहरू प्रभावकारी बजेट कार्यान्वयन र आर्थिक अनुशासन कायम गर्न लिइएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार डम्मर वमले बताए ।

उनले आवश्यकताअनुसार थप समीक्षा र प्राथमिकता आधारमा कार्यक्रम परिमार्जन गरिने निर्णय पनि मन्त्री परिषदको बैठकले गरेको बताए ।

## गन्यापधुरा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाल, डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## सम्पादकीय

# जनताले घोषणा होइन, कार्यान्वयनको राजनीति खोजिरहेका छन्

अन्तरिम सरकार गठन भएको छोटो अवधिमै मन्त्रीहरूले लगातार घोषणा, निर्देशन र निर्णयहरूको वर्षा गरेका छन् । भ्रष्टाचारीलाई कारबाही गर्ने, सुशासन कायम गर्ने, अनावश्यक खर्च कटौती गर्ने, शिक्षा, यातायात देखि प्रशासन सम्म सुधार गर्ने भन्ने घोषणाले जनताको कान र मन भरिएका छन । तर जनताले घोषणा मात्र होइन, प्रत्यक्ष परिणाम खोजिरहेका छन् भन्ने यथार्थ मन्त्रीहरूले बिर्सनु हुँदैन ।

यसअघि पनि सरकारमा बसेका धेरै नेताहरूले आश्वासन त दिए तर कार्यान्वयनको स्तर प्रायः शून्य रह्यो । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार यसै कारण आलोचित भयो । घोषणाले मात्र देश चल्दैन भन्ने पाठ अहिले पनि ताजा छ । अहिलेको सरकार भने त्यही बाटोमा नलागोस् भन्ने अपेक्षा जनताले राखेका छन् ।

नागढुंगा सुरुङ मार्गलाई आगामी पुसभित्रै सञ्चालनमा ल्याउने भनेर यातायात मन्त्रीले निर्देशन दिएर एक्कासी जनतालाई खुसी पारे । तर भोलिपल्टै प्राविधिक कारणले त्यो असम्भव हुने समाचार आयो । यसले मन्त्रीको विश्वास घटायो र घोषणामुखी राजनीतिले कस्तो भ्रम सिर्जना गर्छ भन्ने देखायो । त्यस्तै, अर्थमन्त्रीले करिब १ खर्ब रुपैयाँ अनावश्यक खर्च कटौती गरेको निर्णय सुखद् भए पनि यसलाई व्यवहारमै कार्यान्वयन नगरेसम्म पुराना दाबीहरूसँगै हराउने खतरा छ । गृहमन्त्रीले पुराना ठूला मुद्दा खोल्ने निर्देशन दिएका छन् तर कार्यान्वयनमा लाग्ने दृढता देखिएको छैन । शिक्षा क्षेत्रमा पनि हरेक विद्यालयमा कम्प्युटर शिक्षक राख्ने घोषणा गरिएको छ, तर यसअघिका मन्त्रीहरूले जस्तै यो पनि कार्यान्वयनमै थुनियो भने जनताले यसलाई नयाँ कुरा मानेर खुसी हुने छैनन् ।

तुलनात्मक दृष्टिले प्रधानमन्त्री सुशीला कार्कीले जनतामुखी सम्बोधन गर्दा असम्भव आश्वासन दिएकी छैनन् । उनको संयमित अभिव्यक्ति र यथार्थपरक दृष्टिकोण सबै मन्त्रीका लागि उदाहरण बन्न सक्थ्यो । तर मन्त्रीहरूको हतारो, लोकप्रिय देखिनको लागि गरिएका घोषणाले फेरि पुरानै निराशा दोहोरिने खतरा बढाएको छ ।

जनताको मूल अपेक्षा भ्रष्टाचारीमाथि कारबाही र सुशासन हो । तर नयाँ सरकार बनेर दुई सातासम्म पनि ठूला भ्रष्टाचारविरुद्ध ठोस कदम चालेको समाचार आउन सकेको छैन । बरु कालोबजारी र महँगी बढेको छ, यातायात व्यवसायीहरूले तोकिएकोभन्दा ५० प्रतिशतसम्म बढी भाडा असुले पनि सरकारले चासो दिएको देखिँदैन । सरकारी सेवामा जाने नागरिकलाई लाग्ने सास्ती कम भएको छैन ।

यस्तो अवस्थामा सरकारले घोषणा होइन, कार्यान्वयनलाई प्राथमिकता दिन जरुरी छ । जनताले मन्त्रीको भाषण सुन्न होइन, प्रत्यक्ष परिणाम देख्न चाहन्छन् । भ्रष्टाचारविरुद्ध कारबाही गरेर, सेवा वितरण सहज बनाएर, महँगी नियन्त्रण गरेर मात्र सरकारले जनताको विश्वास जित्न सक्छ । अन्यथा दलहरूको असफलतापछि बनेको नागरिक सरकारसमेत असफल भयो भने मुलुक गन्तव्यहीन अँध्यारो सुरुङमा धकेलिनेछ ।

अतः अहिलेको सरकारलाई जनताले दिएको विश्वासको मूल्य चुकाउन, ठोस परिणाम दिने साहसिक कदम चाल्नैपर्छ । घोषणा होइन, कार्यान्वयनको राजनीति मात्र जनताको विश्वास र भविष्य दुवै जोगाउने बाटो हो ।




# जेनजी आन्दोलनपछि उठेका विविध सवाल



**राज्यका मुख्य ३ अंग खरानी बन्दा नेपालको सुरक्षा संयन्त्रमाथि विश्वले प्रश्न गरेको अवस्था छ । नेपाली पासपोर्टको मान्यतामाथि प्रश्न उठेको छ । ६-७ सयवर्ष पुरानो इतिहास जलाएका छौं । साथै विश्वमा नेपालीप्रति नै गलत सन्देश पठाएका छौं । आजको लोकतान्त्रिक मुलुकमा यसरी ध्वस्त हुनुपर्ने धेरै कारण थिएनन् ।**

**धनराज वास्तविक**

नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास धेरै लामो छैन । खासगरी राणाविरोधी आन्दोलनलाई नै लोकतान्त्रिक आन्दोलनको उठानका रूपमा लिइन्छ । त्यसपूर्व नेपाली समाजले अविछिन्न नश्लवादी शासन भोग्नुपरेको थियो । भलै आजका दिनमा पनि भिन्न स्वरूपमा नस्लवाद कायम रहेको कुरा लुकाउन मिल्दैन ।

माओवादीको १० वर्षे 'जनयुद्ध' र त्यसको जगमा सम्पन्न भएको दोस्रो जनआन्दोलनले वर्तमान संविधानको रूपरेखा तय गरेको थियो । १ दशक लामो समय र ठुलो आर्थिक लगानी खर्चेर बनाएको विद्यमान संविधानमाथि १ दशक अवधिमै निकै धेरै प्रश्न उठिसकेका छन् । ८ दशकको समयमा आधा दर्जनभन्दा धेरै संविधानहरू नेपाली समाजले अभ्यास गरिसकेको छ । कुनै पनि संविधानको असली परिक्षण २० वर्षको समय हुन्छ ।

२० वर्षसम्म पनि समाज अनुकूल र समयसापेक्ष हुन सकेन भने त्यस्तो संविधानमाथि प्रश्न उठाउन पाइन्छ । तर, हाम्रो देशमा हरेक १० वर्षमा संविधान परिवर्तनको अभ्यास गरिरहेका छौं । यसको खास कारण नेपाली जनता अस्थिर छन्, महत्वकांक्षी छन्, सत्ता सञ्चालकहरू अहंकारी छन्, असफल छन्, संविधान कार्यान्वयनमा नागरिक र सत्ता चुकेको छ भन्ने देखाउँछ ।सन् १७८९ देखि लागू भएको अमेरिकी संविधान २७औं पटक संशोधन गरिएको छ र आजसम्म पनि एउटै संविधानले काम गरिरहेको छ ।

हाम्रै छिमेकी मुलुक चीन र भारतको संविधान ७० वर्षको भइसकेको छ । तर, हाम्रो मुलुक किन यति धेरै संविधान अभ्यास गर्ने सूचीमा छ ? भन्ने सवालको खोजी गर्दा सबैभन्दा पहिले हामी नेपाली नै कारक छौं । ५ वर्षे कार्यकाल रहेको संसद्माथि भरोसा राख्न सक्दैनौं । कसैले कसैको विश्वास र अस्तित्व स्वीकार गर्न नसकेको स्पष्ट देखिन्छ । पहिलो कारण हामी नेपाली नै हो, साथै भूराजनीति, शासन प्रणाली, सामरिक अवस्थालगायतको पनि हात रहेको देखिन्छ । यसै संविधानसँग नजिक रहेर पछिल्लो समय नेपालमा ठुलो घटना हुन पुगेको छ ।

### जेनजी विद्रोह

कुनै पनि आन्दोलन वा क्रान्तिमा क्षति हुन्छ । जसको कुनै पूर्वानुमान हुँदैन । तर, राज्यले सम्भावित आकलन गर्न मात्रै सक्छ । विगतका आन्दोलन र त्यसले देखाएका संकेतहरूबाट राज्यले आकलन र पूर्वानुमान गर्नुपर्छ/गर्न सक्नुपर्छ । तर , हाम्रो नेपालमा यी कुनै पनि कुराका बारेमा राज्यले पूर्वानुमान गरिएको वा पहिलेका घटनाबाट पाठ सिकेको देखिँदैन । २०८१ चैत १५ गते राजावादी शक्तिहरूले राजधानीको तीनकुनेमा आयोजना गरेको कार्यक्रमले उग्ररूप लिएपछि राज्यले भोग्नुपरेको दुःख र बेहोर्नु परेको क्षति तत्कालीन समयमा निकै ठुलो लागेको थियो । तर, पछिल्लो समयमा आएर मुलुकले बेहोर्नु परेको अत्यास, उराठ, बैराग र शून्यताको अवस्था निक्कै कहालीलाग्दो छ ।

मागहरू जायज भएर मात्रै हुँदैनन् । त्यस्ता मागहरू पूरा गर्न राज्यसँग तत्कालीन अवस्था कस्तो छ ? भन्ने कुराले अर्थ राख्छ । शिक्षकहरूको आन्दोलन १ महिने (२०८२ वैशाख) शान्तिपूर्ण आन्दोलन स्मरण गर्न लायक छ । शिक्षकहरूले उठाएका जायज मागहरूसमेत सरकारले चाहेर पनि पूरा गर्न सकेको थिएन । किनकि मुलुकको अर्थतन्त्रले शिक्षकहरूका जायज मागहरूसमेत पूरा गर्न साथ दिएन । हामीसँग यस्ता धेरै उदाहरणहरू छन्, जो राज्य र समाजलाई जायज लागेका मागहरू पूरा भएका छैनन् ।

कुरा २०८२ भदौ २३ र २४ को हो । ती २ दिन नेपाली समाजले जुन कहालीलाग्दो अवस्था बेहोर्नु पर्यो । जेनजी आन्दोलन (नयाँ पुस्ता) का क्रममा राज्यको तर्फबाट दर्जनौं किशोरकिशोरीको हत्या भयो । २४ गते प्रतिरोधमा उत्रेको समूहले निजी तथा सार्वजनिक क्षेत्रलाई खरानी बनायो । जसबाट हामीलाई उठ्न कैयौं वर्ष लाग्नेछ । संरचना त हामीले उभ्याउन सकौँला । तर, हामीले जुन ऐतिहासिक दस्तावेज, कला, कौशल, संस्कृति र विश्वास गुमाएका छौँ, त्यो कुनै पनि हालतमा प्राप्त गर्न छैनौँ । किनकि हाम्रो संसद्, अदालत र सिंहदरबार एकैसाथ खरानी बनेका छन् ।

राज्यका मुख्य ३ अंग खरानी बन्दा नेपालको सुरक्षा संयन्त्रमाथि विश्वले प्रश्न गरेको अवस्था छ । नेपाली पासपोर्टको मान्यतामाथि प्रश्न उठेको छ । ६-७ सयवर्ष पुरानो इतिहास जलाएका छौं । साथै विश्वमा नेपाली भनेको लुटपाट, तोडफोड, आगजनी जस्ता अपराध गर्न सक्ने मान्छे हो भन्ने गलत सन्देश पठाएका छौं । आजको लोकतान्त्रिक मुलुकमा यसरी ध्वस्त हुनुपर्ने धेरै कारण थिएनन् । यो देशको दिगो विकास र शान्तिका निम्ति सहिदको सूची थप्नुपर्ने कारण छैनन् । हामी नेपाली सुध्रिने, अनुसाशित हुने र राज्यमा पुग्ने व्यक्तिहरू पारदर्शी, जवाफदेही, जिम्मेवार हुने हो भने यस्तो कहालीलाग्दो अवस्था फेरि आउने थिएन ।

### माग कसरी पूरा हुन्छन् ?

नेता, राजनीतिक दल, जेनजी पुस्ता, सेना, प्रहरी, ब्यापारी, निजी क्षेत्र सबैको मिल्तिबिना यो देशको भलो हुने देखिँदैन । परिवर्तनका हिसाबले हेर्ने हो भने हाम्रो मुलुकले कैयौं प्रकारका हन्डर, ठक्कर र चक्कर मारिसकेको छ । २००७ सालदेखिका हरेक परिवर्तनका पछाडि निश्चित वंशको शासन कारक देखिन्छ । तर, २०८२ भदौ २३ र २४ को जेनजी आन्दोलन कुनै शासन व्यवस्था परिवर्तन र अर्को कुनै व्यवस्था स्थापित गर्नका निम्ति थिएन ।

मुलुकलाई भ्रष्टचारमुक्त बनाउनका निम्ति शक्तिशाली छानबिन आयोग गठन गर्नुपर्ने, स्थिर सरकारका निम्ति संविधान संशोधन गरेर प्रत्यक्ष कार्यकारीको व्यवस्था गर्नुपर्ने लगायतका अत्यन्तै जायज मागहरू थिए । तर, आन्दोलन बीचैमा अपहरणमा पर्‍यो । जेनजीको आन्दोलनमा स्वयंसेवकको भूमिकामा देखिएका केही व्यक्तिको हातमा आन्दोलन पुग्यो । अर्को कुरा काठमाडौँ महानगरका मेयर बालेन साहले जेनजी आन्दोलनलाई जसरी प्रोत्साहन गरे, त्यसको कुनै पनि जिम्मेवारी उनले लिएनन् ।

नयाँ पुस्ता र राज्यसँग रिसाएका मान्छेहरूले बालेन 'सिटी आइयो' भनेर लेख्नेहरू पनि नदेखेका होइनौं । बिडम्बना भन्नुपर्छ, बालेन सिटी बालेनकै आँखाअगाडि खरानी बन्दा पनि काठमाडौँ महानगरपालिका मातहतको दमकल पुगेन । बरु ललितपुरबाट दमकल आयो । काठमाडौँ जल्दै गर्दा उनी उल्टै सत्ताको रेखा कोरेर बसे । स्टाटस लेखेर मूकदर्शक बने । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने प्रस्ताव गरे । त्यसका निम्ति बालेनले जेनजी अगुवा भनिने सुदन गुरुङलाई सेनापतिसँग वार्ता गर्न र संसद् विघटन गर्न स्टाटस लेखे ।

बालेनले जे भने जेनजी अगुवा भनिनेहरू सोहीअनुसार चल्दै गए । जेनजीहरू जे माग उठाएर आन्दोलन गरेका थिए, त्यो अनुसार आन्दोलनले कुनै सफलता प्राप्त गरेन । केबल केपी ओलीको स्थानमा कार्कीलाई प्रधानमन्त्री बनाउने काम भयो । थप प्रगतिका रूपमा बालेनले आफ्ना कानुनी सल्लाहकार (ओमप्रकाश अर्याल) लाई गृहमन्त्री बनाउन सफल भए । संसद् विघटन गर्न सफल भए । संसद् विघटन गरिसकेपछि जेनजीले उठाएका खास मागहरूको हत्या भयो । अधिकांश माग संसदबाटै सम्बोधन गर्नुपर्ने थियो । जेनजीको रोजाइमा परेकी मन्त्रिपरिषद् अध्यक्ष कार्कीले पनि युवाहरूका मागहरू राजनीतिक दलहरूसँग सम्झौता गरेर संसद्बाटै पास गर्न सकिने सल्लाह दिइनन् ।

बरु आफैँ सकिनसकी सत्ताको बागडोर सम्हाल्न पुगिन् । जेनजीका कतिपय मागभन्दा बाहिर गएर यो सरकार गठन भएको छ । यस अर्थ नयाँ पुस्ताले उठाएका मागहरू यो सरकारले पूरा गर्न सक्दैन । राष्ट्रपति र मन्त्रिपरिषद् अध्यक्ष कार्कीले अब आगामी फागुनमा सम्पन्न हुने निर्वाचन प्रतिनिधिसभाकै हो भनेर भनिसकेका छन् । यसबीचमा अध्यादेश ल्याएर प्रत्यक्ष कार्यकारी प्रमुखको निर्वाचन गर्नसक्ने सम्भावना देखिँदैन । यदि अध्यादेश ल्याएर वर्तमान सरकारले केही गर्न खोज्यो भने शान्त रहेका दलहरूले लफडा सुरू गर्नेछन् । विकसित घटनाक्रमले कार्की सरकार खुकुरीको धारमा सवार छ भन्ने देखाउँछ ।

यो सरकारको कानुनी वैधतामाथि प्रश्न छ । संसद् विघटन कानुनसम्मत छैन भन्ने कुरा घामजस्तै छ ।

जेनजी आन्दोलनका क्रममा २३ र २४ भदौको अनाहकमा मान्छेहरूको हत्या भएको छ भने निजी तथा राष्ट्रिय सम्पत्ति जलेर खरानी बनेका छन् । अहिलेसम्मका गतिविधि हेर्दा उक्त आन्दोलनको सफलता भनेको केपी ओली सत्ता ढाल्नु र कार्कीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउनुबाहेक अर्को कुनै अर्को सफलता देखिएको छैन । २३ भदौको राज्य आतंकको छानबिन समिति मात्रै होइन, २४ गतेको सार्वजनिक तथा निजी संरचनाको खरानीसम्बन्धी छानबिन समिति, भ्रष्टाचार छानबिनसम्बन्धी शक्तिशाली आयोग गठन र संविधान संशोधनसम्बन्धी समिति बनाउनुपर्नेछ ।

कार्की सरकारले यसलाई कसरी लिन्छ ? भन्ने आजको मूल सवाल बनेको छ । कुनै आयोग पनि नबन्ने र दलहरूसँग सहकार्य पनि नगर्ने हो भने कार्की सरकारका आगामी दिन सहज छैनन् । अर्कोतर्फ कार्की सरकारले तोकिएकै समयमा चुनाव गर्न सक्छ ? भन्ने सवाल उठ्न सुरू भइसकेको छ । खासगरी स्वच्छ, मर्यादित, भयरहित र पारदर्शी तवरले चुवान सम्पन्न गर्ने ग्यारेन्टी सरकारले पेस गर्नुपर्नेछ ।

### अन्तर्राष्ट्रिय जगतमा बदनाम

जेनजी आन्दोलनका नाममा भएको तोडफोड, लुटपाट र आगजनीसँगै हिंसात्मक गतिविधिहरूले विश्वको ध्यान तानेको छ । शान्ति सुरक्षा र मानव अधिकारका दृष्टिकोणमा नेपाल कमजोर देखिएको अन्तर्राष्ट्रिय ठहर छ । पोखरामा जारी वात्सल्य महिला भलिबल प्रतियोगितामा सहभागी भएका खेलाडीहरूका सम्बन्धित देशले तत्काल स्वदेश फर्किन गरेको आग्रहले पनि यस कुरालाई पुष्टि गर्छ । साथै खेलाडीहरूले पनि नेपालमा बस्न सक्ने स्थिति नभएको भनाइ राखेका थिए ।

देश बन्नका लागि जनता, भूमि, सेना, सरकार र वैदेशिक स्वीकार्यता चाहिन्छ । हाम्रो देशको भौगोलिक जटिलता, सामरिक स्वार्थ र भूराजनीतिक पक्षलाई हामीले कहिल्यै भुल्न नहुने कुरा हुन् । जेनजी आन्दोलनका नाममा भएको आगजनी, तोडफोड र हत्या हिंसाले मुलुक वर्षौंपछि धेकेलिएको मात्रै छैन, वैदेशिक रोजगार कटौतीसमेत भएको छ । यसैक्रममा नेपालका प्रमुख रोजगार गन्तव्य मुलुकले कामदार नलिने घोषणा गरिसकेका छन् ।

त्यस्तै अमेरिका, युरोप र छिमेकी मुलुक भारतले पनि नेपाललाई असुरक्षित देशको सूचीमा राखेको समाचार आएका छन् । नेपालमा विभिन्न कालखण्डमा आन्दोलन र क्रान्ति भएका छन् । तर, जेनजी आन्दोलन जस्तो भयंकर डरलाग्दो र देशलाई २ दिनमै शून्यतामा पुर्‍याउने आन्दोलन कहिल्यै भएको थिएन । सायद आगतमा हुँदैन पनि ! एकै दिन देश जलाएर खरानी बनाउने उत्तेजित, अराजक र अनियन्त्रित भिडले कति कहालीलाग्दो स्थिति निम्त्याउने रहेछ ? भन्ने गम्भीर प्रश्न खडा गरेको छ । यस आन्दोलपछि विश्वमा नेपालको बदनामसँग विभिन्न संशय उत्पन्न भएका छन् ।

### कसरी विश्वास दिलाउने ?

जेनजी आन्दोलनलाई नजिकबाट हेर्दा यो एउटा पुस्ताको मात्र नभएर सारमा जनविद्रोह नै हो । यस आन्दोलनको जग र बलमा बनेको सरकारले तोकिएकै (२०८२ फागुन २१) मा निर्वाचन गर्न सक्यो र नयाँ पुस्ताले उठाएका मागहरू ठोस ढंगले हल गर्न सकियो भने यस आन्दोलनको खास उपलब्धि त्यहाँ देखिनेछ । अर्को कुरा आवेग र उत्तेजनाले देश चल्न सक्दैन भन्ने कुरा नयाँ पुस्ताले बुझ्नुपर्छ । थर्काएर, हप्काएर , झोक्किएर, अपमानका शब्दहरू बोलेर मात्रै उन्मुक्ति पाइने देखिँदैन ।

सबै जेनजीहरू र जेनजीका अगुवाहरूले विश्वमा फैलिएको भ्रमलाई चिर्नुपर्नेछ । आजका जेनजीका सामु खरानी बनेको अर्थतन्त्रलाई उठाउनुपर्ने, जलेका सरकारी तथा नीजि संरचनालाई उठाउनुपर्ने, जलेको इतिहासलाई कुनै माध्यमबाट खोजी गर्नुपर्ने र विश्व दुनियाँलाई असली जेनजी र जेनजीले उठाएका मागहरूका बारेमा राम्रोसँग बताउनुपर्ने र विश्वास दिलाउनुपर्नेछ । यति गरेपछि मात्रै विश्वले नेपाललाई हेर्ने दृष्टिकोण राम्रो बनाउन सक्छ । यतातिर पनि जेनजीहरू लाग्नुपर्छ ।

लाल बिगूल राष्ट्रिय दैनिक
२०८२ साल असोज १२ आइतवार


## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

- लाल बिगूल दैनिकः- ९८५८७५१६००/९८०५५९९७५०
- जिल्ला प्रशासन कार्यालय डडेल्धुराः- ०९६-४२०१३३/४२०५५५
- जिल्ला अदालत डडेल्धुराः- ०९६-४२०१३०/४२०४८३
- जिल्ला समन्वय समिति डडेल्धुराः- ०९६-४१०१४४
- जिल्ला प्रहरी कार्यालय डडेल्धुराः- ०९६-४२०१९९/४२०१७६
- रणबम गण दहब्यारेक डडेल्धुराः- ०९६-४२०२००/४२०५००
- राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुराः ०९६-४२०१७७
- रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटरः- ९८५१२७२५१३
- डडेल्धुरा अस्पताल डडेल्धुराः- ०९६-४१०२४५/४२०१६५
- शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुराः- ०९६-४२०१३५
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराः- ०९६-४१०११४
- खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१५०
- स्वास्थ्य कार्यालय डडेल्धुराः- ०९६-४१०११८/४१०२३८
- डिभिजन बन कार्यालय डडेल्धुराः- ०९६-४२०१४५
- जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुराः- ०९६-४२०२३७
- जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुराः- ०९६-४१०१२५
- कृषि ज्ञान केन्द्र डडेल्धुराः- ०९६-४१०११२
- भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुराः- ०९६-४१०११५
- मालपोत कार्यालय डडेल्धुराः- ०९६-४१०१७१
- नापी कार्यालय डडेल्धुराः- ०९६-४१०१६७
- कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुराः- ०९६-४१०१७७
- जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुराः- ०९६-४१०१०६
- घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुराः- ०९६-४१०१६४
- तरकारी विउ उत्पादन केन्द्र डडेल्धुराः- ०९६-४२०१७५
- जिल्ला निर्वाचन कार्यालय डडेल्धुराः- ०९६-४१०१५४
- जिल्ला हुलाक कार्यालय डडेल्धुराः- ०९६-४२०१४१
- शाखा तथ्याङ्क कार्यलय डडेल्धुराः- ०९६-४१०१८५
- जल तथा मौसम विज्ञान विभाग डडेल्धुराः- ०९६-४२०२२१
- डडेल्धुरा कारागार शाखाः- ०९६-४१९२१५
- जिल्ला खेलकुद समिति डडेल्धुराः- ९८४८७२८२६३
- यातायात कार्यालय डडेल्धुराः- ०९६-४२०२४१
- सामाजिक विकास कार्यालय डडेल्धुराः- ९८५८७८३२३२
- अमरगढी नगरपालिका डडेल्धुराः- ०९६-४१०२२२
- परशुराम नगरपालिका डडेल्धुराः- ०९६-४११००४
- अजयमेरू गाउँपालिका डडेल्धुराः- ९८५५७८५५५०
- गन्यापधुरा गाउँपालिका डडेल्धुराः- ९८५८७८८७०७
- आलिताल गाउँपालिका डडेल्धुराः- ९८५८७८१०२०
- भागेश्वर गाउँपालिका डडेल्धुराः- ९८४१९६३८९६
- नवदुर्गा गाउँपालिका डडेल्धुराः- ९८५८७४५४३०
- प्रधानमन्त्री कृषि आधुनीकरण परियोजनाः- ०९६-४१००९२
- आन्तरिक राजश्व कार्यालय डडेल्धुराः- ०९६-४१०३०८
- खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयः- ९८५८७७५००४
- पूर्वाधार विकास कार्यालय डडेल्धुराः- ०९६-४१००६१
- राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुराः- ०९६-४२०२१३/४२०२१४
- नेपाल विद्युत प्राधिकरण डडेल्धुराः- ०९६-४२०२४५/४२०४७५
- दुरसञ्चार कार्यालय डडेल्धुराः- ०९६-४२०१०८
- साल्ट ट्रेडिङ्ग डडेल्धुराः- ९८४८८०५५८२
- जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुराः- ०९६-४११००८
- इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुराः- ०९६-४११०७२
- डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुराः- ०९६-४२००६३
- बिजुली बस सेवा प्रा.लि. डडेल्धुराः- ९८५८७५३०५५
- डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुराः- ०९६-४२०३५३
- जिल्ला रेडक्रस ब्लडका लागिः- ९८४७०९०१७४
- एम्बुलेन्स डडेल्धुरा अस्पतालः- ०९६-४१०१६५
- उद्योग विणिज्य संघ डडेल्धुराः- ०९६-४२०६११
- बहुउद्देश्यीय विकास समाज डडेल्धुराः- ०९६-४१००१३
- रुडुक डडेल्धुराः- ०९६-४१०४०२
- महिला मुक्ति समाज डडेल्धुराः- ०९६-४२०३८९
- एकीकृत विकास समाज डडेल्धुराः- ०९६-४२०१७९
- हरमस नेपालः- ०९६-४२०१४७
- नेपाली काङ्ग्रेस डडेल्धुराः- ०९६-४२०१६९
- नेकपा एमाले डडेल्धुराः- ०९६-४१०१०५
- नेकपा (माओवादी केन्द्र) डडेल्धुराः- ९८५११५१००८
- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ९८४९७११५३८
- नेकपा एकीकृत समाजवादी डडेल्धुराः- ९८५८७५१४३५
- डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुराः- ०९६-४१०१८९
- त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढाः- ९८५८७८६२५८
- भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुराः- ०९६-४२०७५०
- मिहेन्द्र मा.वि. डडेल्धुरा :- ९८४८७६६०३०
- न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- ०९६-४१०११६

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**



# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

सामाजिक सेवा एकाई
डडेल्धुरा अस्पताल डडेल्धुरा

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्धारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले भिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा

## साईपाल गाउँपालिका बभाङको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं । आमा र बच्चा दुबैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकको अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

साईपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काडा, बभाङ

## स्वास्थ्य शाखाको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने भाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

स्वस्थ्य शाखा
अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अमरगढी डडेल्धुरा

# पुनर्वास नगरपालिका जल्दा साढे पाँच करोडको क्षति

**बिगूल समाचार**
**१२ असोज २०८२**

कञ्चनपुर । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको घुसपैठका कारण यहाँको पुनर्वास नगरपालिकाले साढे पाँच करोड बढीको क्षति बेहोर्नु परेको छ ।

आन्दोलनमा भएको घुसपैठका कारण नगरपालिकाका दुई वटै भवन जलेर नष्ट भएको छ । जसबाट पाँच करोड ५४ लाख ८९ हजार २५१ रुपियाँ बराबर को क्षति पुगेको पालिकाले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

विसं २०७५ असारमा रोयल निर्माण कम्पनी धनगढीले झन्डै ६ करोड ६८ लाख लागतमा पुनर्वास नगर पालिकाको पहिलो प्रशासकीय भवन निर्माण गरेको थियो । यसैगरी, एक करोड ६३ लाखमा विस. २०८० असार मसान्तमा आशिस रश्मि जेभी निर्माण सेवा धनगढीले पालिकाको दोस्रो भवन निर्माण गरेको थियो ।

झन्डै आठ करोड लागतमा निर्माण गरिएका पुनर्वास नगरपालिकाका यी भवनहरू गत भदौ २४ गते आन्दोलनकारीले तोडफोड तथा आगजनी गरेपछि पुर्णरुपमा जलेर नष्ट भएको छ ।

आगजनीबाट नगरपालिकामा एक करोड १९ लाख ६५ हजार १८० मूल्य बराबरका सवारी साधन नष्ट भएका छन् । केही मोटरसाइकल, कार र अन्य सवारी साधनमा १६ लाख बराबरको आंशिक क्षति पुगेको सो कार्यालयले जनाएको छ ।

तोडफोड र आगजनीबाट फर्निचर, मेसेनरी औजार लगायत खप्ने सामग्रीमा दुई करोड ४८ लाख ५३ हजार बराबर को क्षति पुगेको विवरण सङ्कलन संयोजक नगरपालिकाका शिक्षा शाखा प्रमुख शिवराज भट्टले बताउनुभयो ।

यसैगरी आगजनीबाट नगद रकम समेत जलेर नष्ट भएको बताइएको छ । पालिकाको राजस्व शाखा, उद्गम र कृषि विकास शाखाबाट बैङ्क दाखिला गर्न बाँकी एक लाख ५२ हजार १४० रुपियाँ समेत जलेर नष्ट भएको नगर पालिकाले सार्वजनिक गरेको क्षतिको विवरणमा उल्लेख छ ।

आगजनी र तोडफोडबाट पालिकाका दुईवटै भवनमा एक करोड ३० लाख बराबरको क्षति पुगेको नगरपालिकाका शिक्षा शाखा प्रमुख भट्टले बताउनुभयो । उहाँका अनुसार, संरचना निर्माणमा मात्र एक करोड ३० लाख खर्च लाग्ने देखिएको छ ।

यसैगरी, उपकरण, सवारी साधन तथा अन्य कार्यालयको अत्यावश्यक सामग्री खरिदमा मात्र चार करोड २४ लाखबढी खर्च लाग्ने नगरपालिकाले जनाएको छ। जेनजी आन्दोलनको क्रममा भएको घुसपैठका कारण नगरपालिकाले जिल्लामै अत्यधिक क्षति बेहोर्नु परेको छ ।

आगजनीपछि केही साता सेवा प्रवाह बन्द रहे पनि अहिले अत्यावश्यक सेवाहरू भने सञ्चालनमा छन् । दाताहरूले कम्प्युटर, टेबुल, कुर्सीलगायत उपकरण तथा सामग्रीहरू पालिकालाई सहयोग गरेपछि पालिका सञ्चालनमा आएको छ । नगरप्रमुख तोयप्रसाद शर्माले दाताहरूले उपकरण लगायत सामग्रीहरु सहयोग गरेपछि नगरपालिका सञ्चालनमा आएको बताउनुभयो ।

"संघ संस्थाहरूले उपकरण सहयोग गरेपछि अहिले इन्टरनेट जडानको काम गरेर अत्यावश्यक सेवा सुचारु गरेका छौं' नगरप्रमुख शर्माले भन्नुभयो, 'भवन पुनः निर्माणको विषयमा अहिले केही भन्न सकिने अवस्था छैन ।"


## दशरथचन्द नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**दशरथचन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा गढी, बैतडी**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार

वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## शैल्यशिखर नगरपालिका दार्चुलाको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**शैल्यशिखर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोकुलेश्वर, दार्चुला**

## शिखर नगरपालिका तल्कोट, डोटीको अनुरोध

- बालबालिका
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**शिखर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तल्कोट, डोटी**

## सिगास गाउँपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**सिगास गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**गर्जे, बैतडी**



डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा